# शिवसताक्षी नगरपालिका
## Shivasatakshi Municipality
### नगरकार्यपालिकाको कार्यालय
### Office of Municipal Executive
व्याङ्गडाँडा, झापा

कोशी प्रदेश, नेपाल

प. स.: २०८१/०८२

च. न.: 600

मितिः २०८१।०६।९

**सामुदायिक/धार्मिक विद्यालयमा लेखा परीक्षक नियुक्तिका लागि निवेदन पेश गर्ने सम्बन्धी सूचना ।**

**श्री इच्छुक रजिस्टर्ड लेखा परीक्षक / फर्म**

यस नगरपालिका अन्तर्गतका सम्पूर्ण सामुदायिक तथा धार्मिक विद्यालयहरुको आ.व. ०८०/८१ को लेखापरीक्षण गर्नु पर्ने भएकाले दर्तावाल लेखा परीक्षक/फर्मले तपसिल बमोजिमका कागजात सहित निम्न सर्त र बन्देज भित्र रही १५ दिन भित्र मिति २०८१ असोज २३ गते कार्यालय समय भित्र स्वयम् उपस्थित भई आवेदन गर्नु हुन कार्यालयको मिति २०८१/०६/०९ गतेको निर्णयानुसार सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल

(क) निवेदन पेश गर्न चाहिने आवश्यक कागजातहरु :-

१. निवेदन

२. नेपाल चार्टर एकाउन्टेन्ट संस्थाबाट प्रदान गरिएको पेशागत प्रमाणपत्र र सोको आ.व. ०८१/८२ का लागि नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि ।

३. आ.व. ०८०/८१ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।

४. स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि ।

(ख) लेखा परीक्षकले पालना गर्नु पर्ने शर्त र बन्देजहरु :-

१. लेखा परीक्षणका लागि लेखा परीक्षक विद्यालयमा अनिवार्य उपस्थित हुन पर्ने ।

२. छनोट भई नियुक्ति पाएको ३० (तीस) दिन भित्रमा विद्यालयको लेखापरीक्षण सम्पन्न गरि सोको एक प्रति प्रतिवेदन कार्य सम्पन्न भएको मितिले ७ (सात) दिन भित्रमा नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखामा लेखापरीक्षक स्वयम् ले बुझाउनु पर्नेछ । सो नबुझाउने लेखापरीक्षकको नियुक्ति स्वत रद्ध गरि सुचीकृत अन्य लेखा परीक्षक/फर्मलाई नियुक्ति गरिनेछ साथै समयमा कार्य सम्पन्न नसक्ने लेखापरीक्षक/फर्म लाई आगामी वर्षहरुमा सो कार्यमा सामावेश गराइने छैन ।

३. निवेदन पेश गर्दा सक्कल कागजात सहित निवेदक स्वयम् उपस्थित भई तोकिएको दस्तुर तिरेको भौचर सहित शिक्षा, युवा तथा खेलकुद शाखामा बुझाउनु पर्नेछ ।

२०८१।६।९

छविलाल ढकाल
अधिकृतस्तर सातौं

बोधार्थ :- श्री सूचना प्रविधि शाखा-वेवसाइटमा अपलोड गरिदिनु हुन ।

Email-edu.shivasatakshimun@gmail.com

CamScanner